# बालबालिकाको लागि पठन सामाग्री (Reading Materials) खरिद सम्बन्धी आशय पत्र (ToR)

## १. परिचय

गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सामुदायिक ग्रामीण विकास समाज - दार्चुला, पीसबिन - बाजुरा, सामुदायिक विकास केन्द्र - डोटी, मालिका विकास संघ - अछाम, सेवक नेपाल - कैलाली, किर्डाक नेपाल - मुगु/हुम्ला, सोनाहा विकास समाज - बर्दिया, संगम - म्याग्दी, सोर्डेक नेपाल - पर्वत, नौलो घुम्ती नेपाल - कास्की, पद्धती विकास सेवा केन्द्र - गोरखा, ग्रामीण विकास तथा सशक्तिकरण केन्द्र - नुवाकोट, लेले सामुदायिक विकास केन्द्र - ललितपुर, आसमान नेपाल - धनुषा र दलित समाज उत्थान समिति नेपाल - महोत्तरीले १७ वटा जिल्लाका विभिन्न नगरपालिका र गाउँपालिकाहरुमा एकीकृत सामुदायिक विकास परियोजना संचालन गर्दै आइरहेकोछ । यसै परियोजनाको स्पोन्सरसीप कार्यक्रममा आवद्ध करिब २४०० जना बालबालिकाको घरमा आधारित पढाइ कुना व्यवस्थापनको लागि आवश्यक पठन सामाग्री खरिदको गर्नु पर्ने भएकोले उक्त कार्यक्रम कार्यन्वयन गर्ने साझेदार संस्थाबाट गठित राष्ट्रिय खरिद समितिको तर्फबाट यो आशय पत्र आब्हान गरिएको छ ।

## २. उद्देश्य

यस क्रियाकलापको मुख्य उद्देश्य आवश्यक फर्नीचर, पठन सामाग्री सहित बालबालिकाको घरमा आधारित पठन कार्यलाई सहजीकरण गर्नु रहेको छ ।

## ३. कार्यक्रमको क्षेत्र

यस आशय पत्र अन्तर्गत कार्यक्रमले बालबालिकाको घरमा आधारित पढाइ कुना व्यवस्थापनको लागि कक्षागत रुपमा आवश्यक पठन सामाग्री खरिद, ढुवानी तथा समय सीमाको बारेमा स्पष्ट पार्दछ ।

## ४. बोलपत्रका कागजातहरु

यस सिलबन्दी दरभाउ पत्र आह्वानमा कार्यक्रमको क्षेत्र, बोलपत्रको प्रक्रिया र सम्झौताका शर्तहरुका बारेमा उल्लेख गरिएको छ । यस आह्वानमा, निम्नानुसारका फाईहरु समावेश गरिएको छ

- बोलपत्र फारम
- विशिष्टकरण विवरण सूची
- शर्तनामा (TOR)

बोलपत्र आवेदकले बोलपत्र आह्वानमा समावेश गरिएका कागजातहरु, TOR विशिष्टकृत विवरण, सूची दिइएका सबै विवरण र शर्तनामाहरुका बारेमा राम्ररी अध्ययन र विश्लेषण गर्नुपर्नेछ । TOR मा उल्लेख गरिएका कागजातहरु अपुग भई आएका बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

## ५. बोलपत्रको तयारी

- बोलपत्र आवेदकले तयार पारेको बोलपत्र सम्बन्धित कागजात तथा अन्य सूचनाहरु अंग्रेजी वा नेपाली अथवा अंग्रेजी नेपाली दुवै भाषामा लेख्न वा तयार पार्न सकिनेछ ।
- बोलपत्र आवेदकले बोलपत्रमा आह्वान गरिएको, बोलपत्रको सबै क्षेत्र खुल्ने गरी, प्रत्येक ईकाइको विस्तृत मुल्य पेश गर्नु पर्नेछ । जम्मा बोलपत्र मूल्यले, आवेदकले व्यहोर्नु पर्ने, तोकिएका सबै अनिवार्यताहरु, वा तथ्यपरक तरिकाले, बोलपत्रमा संलग्न कागजातहरुले तोके बमोजिमले हुन आउने सबै मूल्यलाई जनाउँछ । यसले पठन सामग्रीको मुल्य, तोकिएको क्षेत्र सम्मको ढुवानी खर्च समेत जनाउँछ ।
- बोलपत्रमा खुलाईएको प्रति एकाई मुल्य, जम्मा मुल्य राम्रो सँग अंक र अक्षरमा प्रष्ट लेख्नु पर्नेछ ।

- बोलपत्र आवेदकले पेश गरेको बोलपत्र मूल्यले, सबै प्रकारको मूल्य, कर्तव्य, कर र कार्यान्वयन गर्दाको हुन आउने सबै खर्चको विस्तृत विवरण पेश हुनुपर्नेछ ।

**५.१ . बोलपत्रको हस्ताक्षर र नमुना**

५.१.१. स्पष्टसँग बुझ्ने बोलपत्रको सक्कल प्रतिमा कम्पनी वा फर्मको आधिकारिक व्यक्ति वा अख्तियारनामा प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ । अख्तियारनामा बोलपत्र सँगै पेश गर्नुपर्नेछ (यदि अख्तियारी दिएको खण्डमा) ।

५.१.२. बोलपत्रमा गल्ती सच्याउन, (अनिवार्यता बाहेक) कुनै पनि किसिमको थपघट वा केरमेट मान्य हुनेछैन । यदि सच्याइएको पाइएमा, आधिकारिक व्यक्तिको हस्ताक्षर अनिवार्य गरेको हुनुपर्नेछ ।

## ६. बोलपत्र पेश

## ६.१.बोलपत्रको सिलबन्दी र संकेत

६.१.१.बोलपत्रको सक्कल कागजातहरु (Hard Copies) सिलबन्द गरी तोकिएको मिति र समय अगावै पेश गर्नु पर्नेछ ।

६.१.२.बोलपत्र आवेदन फारम र अन्य कम्पनी वा फर्म सम्बन्धी आवश्यक कागजातहरु फरक फरक खाममा राखी, शिलबन्द गरी, बाहिर आवेदन फारम वा कम्पनी वा फर्म सम्बन्धी आवश्यक कागजातहरु लेखि दुईटै खामलाई एउटै खाममा राखेर बोलपत्र आवेदक कम्पनी वा फर्मको पुरा नाम र ठेगाना र ठुलो अक्षरले **"बालबालिकाको लागि पठन सामाग्री"** लेखी बोलपत्र आव्हान संस्थाले तोकेको स्थान समक्ष पेश गर्नु पर्नेछ ।

६.१.३. बोलपत्र आवेदकले आफै वा कुनै व्यक्तिमार्फत बोलपत्र पठाउन सक्नेछन् । Telex, Telegram, Email र Fax बाट पठाईएका बोलपत्र स्वीकार गरिनेछैन । Airlines र Cargo Agency मार्फत बोलपत्र संकलनका लागि प्राप्त हुने कुनै पनि अनुरोधलाई पनि स्विकार गरिने छैन ।

## ६.२. सामाग्रीको नमुना

बोलपत्र आवेदकले बोलपत्र पेश गर्दा बोल पत्र सँग आवेदन फारममा तोकिएको सामग्रीको विशिष्टिकरण अनुसारको सामाग्री अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । तोकिएको कक्षाको लागि कम्तिमा १० वटा फरक फरक शिर्षकको सामग्रीको दरभाउ उपलब्ध गराउनु पर्ने छ ।

उक्त सामग्रीहरु खरिद प्रक्रिया छनौट समाप्त पश्चात यहाँको आग्रह अनुसार फिर्ता गरिनेछ ।

## ६.३. सामाग्रीको विशिष्टिकरण

विशिष्टिकरण फारममा कक्षागत रुपमा तोकिएको सुचक भन्दा बाहेक पठन सामाग्रीको विशिष्टिकरण निम्न अनुसार हुनेछ ।

- सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि कक्षा ५ सम्मका बालबालिकाको उमेर, पढाइ / सिकाइ स्तर तथा मनौवैज्ञानिक पक्ष अनुसार उपयुक्त ।
- आवश्यकता अनुसार माथिल्लो कक्षाको बालबालिकाको लागि पनि ।
- कक्षागत अनुसार प्रति व्यक्ति औसतमा १० फरक फरक शिर्षकको पठन सामग्री हुन पर्ने छ ।
- नेपाली मौलिकता, समाज, संस्कृति र परिवेश सुहाउँदो ।
- नेपाली भाषामा लेखिएको ।
- विद्यालय तहको पाठ्यक्रममा आधारीत भएको
- बाल कथा, बाल कविता, बाल गित, बालविज्ञान, तथा अन्य बाल साहित्यका सामग्रीहरु ।
- राम्रो कागज, बाईन्डिङ् तथा गुणस्तर भएको ।

## ६.४. एक आवेदक, एक बोलपत्र

हरेक आवेदकले, आफै, साझेदारी वा संयुक्त तवरले कुनै एक वा एकभन्दा बढी सामाग्रीको लागि बोलपत्र पेश गर्न सक्ने छ । तर एउटै आवेदकले एक पटक (एकल वा संयुक्त रुपमा) बोलपत्र पेश गरेपछि पुनः साझेदार भई वा संयुक्त रुपमा बोलपत्र पेश गर्न पाईने छैन । कुनै पनि बोलपत्र आवेदकले, एकभन्दा बढी बोलपत्र पेश गरेको पाईएमा, सबै बोलपत्र अस्विकृत हुनेछन् ।

## ६.५. ढिलो गरी प्राप्त हुने बोलपत्र

बोलपत्र पेशका लागि तोकेका अन्तिम मिति नाँघेर, संस्था समक्ष प्राप्त भएका कुनै पनि बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

## ६.६. बोलपत्रको परिमार्जन तथा फिर्ता

बोलपत्र आवेदकलाई, एक पटक पेश गरिसकेको बोलपत्र पुन परिमार्जन गर्न तथा फिर्ता लिन अनुमति हुनेछैन ।

## ७. बोलपत्रको मूल्याङ्कन

बोलपत्रको मुल्याङकन तपशिल बमोजिम प्रक्रियागत चरणमा हुनेछ ।

## ७.१. गोपनियता

बोलपत्र परीक्षण, स्पष्टता, तुलना, मूल्याङकन आदिका बारेमा कुनै पनि सूचना, बोलपत्र आवेदक वा अन्य कुनै अनाधिकृत व्यक्तिलाई प्रदान गरिने छैन । समग्र बोलपत्रको मुल्याङकन वा छनौट प्रक्रिया वा निर्णय प्रक्रियालाई प्रभावित पार्ने गरी कुनै पनि आवेदक कम्पनी वा फर्मबाट प्राप्त प्रयासहरुले उक्त कम्पनी वा फर्मको बोलपत्र अस्विकृत गर्न/गराउन बाध्य पार्नेछ ।

## ७.२. बोलपत्रको स्पष्टीकरण

बोलपत्रको परीक्षण, तुलना र मुल्याङ्कन प्रक्रियालाई थप सहजता खोज्न, खरिदकर्ताले बोलपत्र आवेदकलाई समझदारी पूर्वक, बोलपत्रमा थप स्पष्टताका बारेमा सोध्न सक्नेछ ।

## ८. बोलपत्रको प्रारम्भिक परीक्षण

८.१. खरिदकर्ताले प्राप्त बोलपत्र उपर, आवश्यक कागजात पूर्ण भए/नभएको, कुनै टाईपिङ/लेखन सम्बन्धी गल्ती भए/नभएको, हरेक कागजातमा आधिकारिक हस्ताक्षर भए/नभएको र तोकिएको कागजातहरु क्रमबद्ध भए/नभएको एकिन गर्नका लागि प्रारम्भिक निरीक्षण गर्नेछ ।

८.२. गणितिय गल्तीहरु तपशिल बमोजिम समायोजन गरिने छन् । यदि अंक र अक्षरमा लेखिएको फरक देखिएका कम मूल्यलाई मान्यता दिइने छ ।

८.३. विस्तृत मूल्याङ्कन पूर्व, बोलपत्र आवेदककर्ताको वास्तविक अनुकुलता थाहा पाउन, उत्पादन तथा उपलब्ध गराउने क्षमता र प्राप्त सामानको गुणस्तरको आधारमा आवेदक कम्पनी वा फर्मको अनुगमन तथा मुल्याङ्कन गर्न सक्नेछ ।

८.४.यदि कुनै बोलपत्र आवेदक कम्पनीको निरीक्षण गर्दा, प्राप्त प्रतिक्रिया उपर्युक्त नदेखिएमा, त्यस्ता आवेदक कम्पनीलाई खरिदकर्ताले अस्विकार गर्नेछ, वा पुन समायोजनका लागि जानकारी गर्न सक्नेछ ।

## ९. बोलपत्रको तुलना तथा विश्लेषण

९.१. बोलपत्रको मुल्याङ्कन बोलपत्रमा समाबेश गरिएको प्रतिस्पर्धामा आधारित मूल्य र प्राप्त हुन सक्ने नमुना सामानको गुणस्तरीयता र तोकिएको कक्षालाई उपयुक्त सामग्रको आधारमा गरिने छ । यसरी मुल्याङकन गर्दा कम्पनी/फर्मको कार्यकुशलता, क्षमता र विगतका अनुभवहरुलाई पनि उत्तिकै महत्व दिईने छ ।

## १०. खरिदकर्तालाई सम्पर्क

१०.१. बोलपत्र छनौट प्रक्रियाको समयमा यदि कुनै बोलपत्र आवेदक कम्पनी वा फर्मले बोलपत्र सम्बन्धी कुनै पनि विषयमा खरिदकर्तालाई सम्पर्क गर्न चाहेमा, लिखित माध्यम मार्फत हुन पर्नेछ ।

१०.२. बोलपत्र आवेदक कम्पनी वा फर्मद्वारा, समग्र बोलपत्रको मुल्याङ्कन, निर्णयात्मक प्रक्रिया र छनौट प्रक्रियालाई प्रभावित पार्ने गरी प्राप्त प्रयास वा माध्यमले, उक्त कम्पनी वा फर्मको बोलपत्र खारेजी गर्न बाध्य पार्नेछ ।

## ११. कुनै पनि बोलपत्रलाई स्वीकार तथा अस्वीकार गर्ने खरिदकर्ताको अधिकार

खरिदकर्तामा, कुनै पनि बोलपत्र सूचना दिएर वा कुनै सूचना बिना नै छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार निहित हुनेछ ।

## १२. बोलपत्र छनौट

खरिदकर्ताले कुनै पनि सफल बोलपत्र आवेदकलाई, सबैभन्दा कम दररेट भएको, नमूना परीक्षण गर्दा राम्रो पाईएको तथा कम्पनी/फर्मको निरीक्षण गर्दा सन्तोषजनक कार्यक्षमता भएको आदि सुचकको आधारमा बोलपत्र छनौट गर्नेछ । यस खरिद प्रक्रियाबाट छनौट भएका कम्पनी/फर्मसँग कार्यक्रम सम्वद्ध कुनै पनि संस्थाहरुले जुनसुकै समयमा सम्झौता गरी खरिद प्रक्रिया अगाडि बढाउन सक्नेछन् ।

१२.१. छनौट भएका सप्लायर्सहरुसंग एक बर्षको (अन्तिम डिसेम्बर २०२६) अवधि सम्मको लागि सम्झौता गर्न सकिने छ । सो अवधि सम्म बिशेष परिस्थिती बाहेक छनौट भएको मूल्यमा कारोबार गर्नु पर्ने छ ।

१२.२. छनौट भएका बोल पत्र दातासंग कन्सोर्टियम अन्तरगतका १७ जिल्लामा रहेका एकिकृत सामुदायिक बिकास परियोजना कार्यन्वयन गर्ने संस्थाहरुले संझौता गर्ने छ ।

## १३. खरिदकर्तालाई सामानको परिमाणमा परिर्वतन गर्नसक्ने अधिकार

TOR मा कुनै परिवर्तन नहुनेगरी, खरिदकर्ताले तोकिएको परिमाणमा, खरिद माग गर्दा आवश्यकता अनुसार परिमाण घटाउन तथा बढाउन सक्नेछ ।

## १४. भ्रष्टाचार, घुस तथा ठगी आशयको अभ्यास

खरिदकर्ता, बोलपत्र आवेदकले पुरै खरिद तथा परियोजना कार्यन्वयन प्रक्रिया अवधिभर उच्चतम नैतिक आचरण देखाउने छ भन्ने आशा गर्दछ । यस नितिमा आधारित भएर, खरिदकर्ता,

(क) यस प्रावधानमा लागु हुने सर्तको बारेमा निम्नानुसार परिभाषित गर्दछ,

"भ्रष्ट अभ्यास" भन्नाले, कुनै पनि सार्वजनिक तथा निजि क्षेत्रको आधिकारीक व्यवहार, जुन असहज वा ग्रैह्रकानुनी रुपले, निज वा निजको नजिकको सम्बन्धबाट, वा अरु कसैलाई यो काम गर्न अभिप्रेरित गराई, आफु आवद्ध पदको दुरुपयोग गरी, कुनै पनि चिज अरुलाई टक्र्याउनु, दिनु अनुरोध गर्नु वा लिन, र कुनै पनि खरिद प्रक्रिया तथा कार्यन्वयनको सम्झौता लाई प्रभावित पार्ने गरी गरिने कार्य भन्ने बुझिन्छ ।

(ख) "ठगी अभ्यास" भन्नाले, तथ्यको गलत प्रतिनिधित्व हुने गरी वा खरिद तथा सम्झौता कार्यन्वयन प्रक्रियालाई प्रभावित पार्ने गरि, बोलपत्र आवेदकबाट बोलपत्र पेश गर्नु पुर्व वा पछि, हुन सक्ने, कुनै पनि घातक, हानिकारक, गैरकानुनी अभ्यास, जुन, बोलपत्रको दररेट कृत्रिम तथा अप्रतिष्प्रर्धी तहबाट श्रृजना भई/गराई खरिदकर्तालाई स्वतन्त्र खुला प्रतिस्पर्धाको अवसरबाट वञ्चित गराउने खालले डिजाईन भन्ने बुझिन्छ ।

(ग) बोलपत्र आवेदक, कुनै पनि प्रकारको भ्रष्ट तथा ठगी अभ्यासमा संलग्न भई सम्झौता प्रतिष्पर्धामा प्रश्न देखिएमा,

बोलपत्र अस्विकृत गरिनेछ ।

(घ) यदि कुनै समयमा फर्म भ्रष्ट तथा ठगी अभ्यासमा आवद्ध भई प्रतिष्पर्धी सम्झौता कार्यन्वयनमा प्रभावित हुनेगरी कार्य गरेमा, उक्त फर्मलाई कुनै पनि प्रकारको खरिद प्रक्रियामा छनौट तथा कार्यान्वयनका लागि अनिश्चित तथा कुनै निश्चित समयसम्मका लागि अयोग्य घोषणा गरिनेछ ।

१४.१ बोलपत्र आवेदकले सम्झौतामा व्यक्त गरिएका सर्तहरुका बारेमा सचेत हुनुपर्नेछ ।

## १५. बजेट तथा भुक्तानीको माध्यम

- भुक्तानी सम्बन्धित कम्पनी तथा फर्मको बैंक खातामा जम्मा गरिनेछ ।
- भुक्तानी Account Payee Cheque मार्फत मात्र हुनेछ ।

यस परियोजनामा अग्रिम भुक्तानीको कुनै पनि प्रावधान हुने छैन ।

## १६. कम्पनी/फर्मको न्यूनतम योग्यता

नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भएको, सम्बन्धीत क्षेत्रमा पर्याप्त कार्य अनुभव भएको योग्य सबै सरकारी, गैह्रसरकारी, तथा निजी संस्थाहरुले यस परियोजनाका लागि आवेदन पेश गर्न सक्नेछन् ।

कम्पनी वा फर्मको पर्याप्त अनुभव वा विज्ञता यसप्रकार हुनु पर्नेछ ।

- पठन सामग्री छपाई तथा प्रकाशन सम्बन्धी पर्याप्त साधन स्रोत, ज्ञान तथा अनुभव भएको ।
- परियोजना पूरा गर्नका लागि पर्याप्त मानव स्रोत साधन, मेसिन तथा वितरण संयन्त्र भएको ।
- पारदर्शिता तथा जवाफदेहिता कायम गर्न सक्ने संस्थागत क्षमता ।
- कम्पनी/फर्मसँग पछिल्लो नविकरण गरिएको कम्पनी दर्ता, PAN/VAT दर्ता ,पछिल्लो नविकरण भएको कर चुक्ता गरेको प्रमाण पत्र हुनुपर्ने छ ।

## १७. कम्पनी/फर्मको जिम्मेवारिता

कम्पनी/फर्मले ToR मा उल्लेखित कार्य तोकिएको बजेट तथा समय सिमाभित्र पूरा गर्न जिम्मेवार हुनेछ ।

## १८. बोलपत्र आवेदक कम्पनी/फर्मले बुझाउनुपर्ने आवश्यक कागजातहरू

### १८.१ अनिवार्य आवश्यक कागजातहरु

- फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि (संलग्न कागजातले बोलपत्र पेश गरेको व्यवसाय गर्न पाउने स्विकृत भएको हुनु पर्ने)
- गत आर्थिक वर्षको कर चुक्ताको प्रमाण पत्र
- VAT र PAN दर्ताको प्रमाण पत्र
- बोलपत्र आवेदकले दरभाउ पत्रको साथै आफूले सप्लाई गर्ने सामग्रीको नमूना पेश गर्नु पर्ने छ ।

**१८.२ अन्य आवश्यक कागजातहरु**

- कार्य अनुभव खुल्ने कुनै सहयोग कागजातहरू (ऐच्छिक) ।
- सान्दर्भिक अन्य कागजातहरु ।
- बोलपत्र बुझाएको निबेदन ।
- अन्य कुनै संस्था, कम्पनी वा फर्मसंग यस्तै वा सम्बन्धीत कार्य अनुभवको कृतज्ञता, क्षमता तथा सेवा प्रदान सम्बन्धि अनुभब पत्रको प्रतिलिपी (ऐच्छिक) ।

**नोटः** माथि १८.१ मा उल्लेखित सबै कागजातहरु पेश नभएमा  सो आवदेक वा कम्पनी/फर्मलाई मूल्यांकन प्रक्रियामा सहभागि गराइने छैन ।

## १९. कार्य व्यवस्थापन

छनौट भएको कम्पनी वा फर्मले, कार्य मूल्याङकनको व्यवस्थापन र समयमै अपेक्षित गुणस्तरको काम/सेवा प्रदानको लागि जवाफदेही हुनु पर्नेछ ।

## २०. सम्झौताको खारेजी

यदि कम्पनी वा फर्मले सम्झौता प्रतिकुल हुनेगरी कुनै कानुनी वा प्रक्रियागत कार्य गरेको देखिएमा, खरिदकर्ताले सम्झौताको खारेजी गर्न सक्नेछ । तर यस प्रकारको सम्झौता खारेजी गर्नका लागि खरिदकर्ताले सम्बन्धीत कम्पनी वा फर्मलाई सम्झौताको खारेजी सम्बन्धी ७ दिन पूर्व लिखित जानकारी गराउने छ ।

## २१. गोपनीयता

सम्झौता कार्यान्वयनको अवधीभर वा सम्झौता समाप्त वा खारेजी भएको कुनै पनि समयमा, कम्पनी वा फर्मले, यस सम्झौतासँग सम्बन्धित कुनै पनि गोप्य सूचना,  कुनै पनि व्यक्तिसँग वा संस्थासँग प्रचार/प्रसारण गर्ने छैन ।

## २२. प्रस्तावना वा बोलपत्र पेश गर्ने माध्यम

बोलपत्र वा प्रस्तावना कुरियर वा स्वंयम व्यक्ति उपस्थित भई सिलबन्दी दरभाउपत्र वा प्रस्तावनामा बाहिर **“बालबालिकाको लागि पठन सामाग्री”** लेखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात् २०८२ फागुन १४ (२६ February २०२६) साँझ ५:०० बजेभित्र तल उल्लेखित ठेगानामा बुझाउनु पर्नेछ ।

<u>बोलपत्र पेश गर्न सकिने संस्था तथा ठेगाना</u>

१. ग्रामीण विकास तथा सशक्तिकरण केन्द्र - नुवाकोट ,बुढानिलकण्ठ नगरपालिका वडा नं ७, सम्पर्क कार्यालाय, गोल्फुटार चोक काठमाण्डौ (फोन नं ९८४३९९९०९३)

वा

२. कर्णाली एकिकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र नेपाल, (किर्डाक) नेपाल सानेपा, ललितपुर (फोन नं ०१-५४२१६७८/९८४३७०३८६९) ।

(समाप्त)